SAHAS URJA

Regd. No. 126624/071/072

# SAHAS URJA Ltd.

KMC-1, Hattisar, Kathmandu, Nepal

Ref. No. ८८१/०८२/८३

मिति: २०८२।०९।१६

SAHAS URJA

श्री कार्यालय प्रमुखज्यू

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

सिंहदरवार प्लाज, काठमाडौं,

विषयः आ.व.२०८१/०८२ को वार्षिक साधारण सभा निर्णय पेश गरेको सम्वन्धमा ।

महोदय,

यस कम्पनीको मिति २०८२।०७।२७ गते को संचालक समितिको निर्णय बमोजिम आव्हान भएको कम्पनीको बाह्रौं बार्षिक साधारण सभा (आर्थिक वर्ष २०८१/०८२) मिति २०८२।०८।२४ मा सम्पन्न भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

साथै कम्पनीको वार्षिक साधारण सभाको निर्णय तहाँ पेश गर्नुपर्ने हुँदा यसै पत्र साथ संलग्न गरी पेश गरिएको छ । कम्पनीको तहाँको रहेको मिसिल संलग्न गरिपाउ ।

निवेदक

दिनेश कुमार रोक्का

कम्पनी सचिव

**साहस उर्जा लि.को**
**बाह्रौं वार्षिक साधारण सभा**
**(आर्थिक वर्ष २०८१/०८२)**

यस साहस उर्जा लि.को बाह्रौं (**आर्थिक वर्ष २०८१/०८२**) वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरुमा छलफल भई निम्न लिखित निर्णयहरु पारित गरियो ।

**सभा भएको मिति, समय र स्थान:**

मिति: २०८२।०८।२४ बुधवार

समय: दिनको ११:०० बजे

स्थान: कार्की ब्याङक्वेट, बबरमहल, काठमाडौं ।

**उपस्थिति:**

उपस्थिति पुस्तीका छुट्टै संलग्न गरिएको ।

**सभाको वैधानिकता: (कम्पनी ऐन, २०६३ को दफा ६९)**

(क) **वार्षिक साधारण सभाको सूचना सम्बन्धमा:** कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) वमोजिम २१ दिन अगावै बार्षिक साधारण सभा हुने मिति, समय, स्थान र सभामा प्रस्तुत हुने प्रस्तावहरु सहित शेयरधनीहरुलाई सूचना दिनु पर्ने व्यवस्था बमोजिम दुई पटक मिति २०८२।०७।२८ र ३० गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको, नियमनकारी निकायहरुलाई संचालक समितिले पारित गरेको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन उपलब्ध गराएको तथा कम्पनीको Website मा समेत राखिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) र नियमावलीको नियम १८(३) बमोजिम सभाको सूचना शेयरधनीहरुलाई सम्प्रेशण गरेको पाइयो ।

(ख) **साधारण सभाको गणपुरक संख्या सम्वन्धमा:** कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको स्वीकृत नियमावलीको नियम २३ बमोजिम सभा संचालनको लागि आवश्यक गणपुरक संख्या सम्वन्धमा विचार गर्दा निम्न बमोजिम शेयरधनीको प्रतिनिधि (प्रोक्सी) मार्फत र शेयरधनी स्वयं सभामा उपस्थित हुनु भएकोले कम्पनी ऐन तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम पर्याप्त गणपुरक संख्या उपस्थिति भएको पाइयो ।

| **जम्मा शेयरधनी** | **जम्मा शेयर संख्या** | **उपस्थिती** | **संख्या** | **प्रतिशत** | **शेयर संख्या** |
|---|---|---|---|---|---|
| ४१००९२ | ३७८००००० | प्रोक्सी मार्फत | ११७४ | ३७.३७ | १,४१,२६,९२४ |
| | | सभामा आफै उपस्थित | ९०५ | २०.४८ | ७७,४१,३९३ |
| | | **जम्मा** | **२०७९** | **५७.८५** | **२,१८,६८,३१७** |

उल्लेखित आधारमा सभाको सूचना तथा गणपुरक संख्या पर्याप्त भएको हुँदा कम्पनी ऐन, २०६३ कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम यस सभालाई वैधानिक घोषणा गरियो ।

(ग) **सभाका अध्यक्षता:** कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम सभाको अध्यक्षता कम्पनीको संचालक समितिको अध्यक्षज्यूले गर्ने व्यवस्था बमोजिम सभाको अध्यक्षता गर्न संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूलाई आमन्त्रण तथा आसन ग्रहण पश्चात अध्यक्षको अनुमतीले कम्पनी सचिव श्री दिनेश कुमार रोक्काले सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

SAHAS URJA

(घ) **आशन ग्रहण:** आशन ग्रहणको कार्यक्रमलाई अगाडी वढाउदै उद्घोषकज्यूले प्रमुख अतिथि कम्पनीको पूर्व सल्लाहकार, पूर्व अर्थमन्त्री एवं अर्थविज्ञ डा. श्री युवराज खतिवडाज्यूलाई आशन ग्रहण गराउनु भयो । प्रमुख अतिथिको आशन ग्रहण पश्चात संचालक समितिको सदस्यहरु श्री शुसिल थापाज्यू, श्री मुक्तीराम पाण्डेज्यू, श्री महेन्द्र कुमार गिरीज्यू, श्री आङ गेलु शेर्पाज्यू, श्री गरिमा अधिकारीज्यू, स्वतन्त्र संचालक श्री विभूती ओझाज्यूलाई आशन ग्रहण गराउनु भयो । संचालकज्यूहरुको आशन ग्रहण पश्चात आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षक श्री इदिप ढकाललाई आशन ग्रहण गराउनु भयो ।

आशन ग्रहणको क्रममा सम्पूर्ण शेयरधनीहरु, पत्रकार, आमन्त्रित निकायका प्रतिनिधीहरु तथा कर्मचारीहरुलाई यथास्थानमा आशन ग्रहण गराउँदै आशन ग्रहणको कार्यक्रम सम्पन्न गरियो ।

(ङ) **स्वागत मन्तब्य:** साधारण सभामा उपस्थित प्रमुख अतिथि, शेयरधनीहरु, कर्मचारीहरु लगायत सम्पूर्णलाई संचालक समितिको तर्फबाट संचालक समितिका सदस्य श्री मुक्तिराम पाण्डेज्यूले स्वागत मन्तब्य राख्नु भयो ।

(च) **सभाको उद्घाटन:** संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यू तथा प्रमुख अतिथि श्री युवराज खतिवडाज्यूहरुवाट दिप प्रज्वलित गरी सभाको विधिवत उद्घाटन गरियो ।

(छ) **राष्ट्रिय गान:** सभामा उपस्थित सवैले उठेर राष्ट्रिय गान प्रति सम्मान प्रकट गरीयो ।

(ज) **आर्थिक वर्ष २०८१/०८२ बार्षिक प्रतिवेदन प्रस्तुत:**

संचालक समितिको तर्फबाट अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूले आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदनमा कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को गतिविधी, सालुखोला (दुधकोशी) ८६ मे.वा. को जलविद्युत आयोजना, उत्पादीत विद्युत, भारी वर्षाको कारण भएको क्षति तथा मर्मत संभार, संकलन गरिएको आम्दानी, संचालक समितिको वैठकका निर्णयहरु, संचालक समितिको अध्यक्ष तथा सदस्यहरुको सेवा, सुविधा तथा चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित बजेट, कम्पनीले सहायक कम्पनी टाइम्स इनर्जी मार्फत नयाँ आयोजना बुढीगण्डकी जलविद्युत आयोजना ३४१ मे.वा. (अर्धजलाशय) मा गरेको लगानी, उक्त आयोजनाको कार्यप्रगती समेत समेटीएको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

सभा समक्ष क्रमश

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको प्रतिवेदन र

आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गरियो ।

(झ) **नयाँ परियोजनाको जानकारी सम्वन्धमा श्रब्यदृष्य प्रस्तुती:**

कम्पनीको सहायक कम्पनी टाइम्स इनर्जी प्रा.लि. द्वारा प्रर्वद्धित आयोजना बुढीगण्डकी ३४१ मे.वा. (अर्धजलाशय) जलविद्युत आयोजनाको परिचय सहित कार्य प्रगतीको श्रब्यदृष्य सभा प्रस्तुत गरियो ।

(ञ) **वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदनहरु, प्रस्तावहरु उपर छलफलको कार्यक्रम अगाडी वढायो:**

सभा समक्ष प्रस्तुत भएको प्रतिवेदनहरु तथा प्रस्तावहरु उपर शेयरधनीहरुको सल्लाह, सुझाव, जिज्ञासाको लागि आव्हान गरिएकोमा निम्न बमोजिमका शेयरधनीहरुले छलफलमा भाग लिनु भयो ।



SAHAS URJA

**छलफलका भागी लिनुहुने शेयरधनीहरुः**

श्री उत्तम दत्त पाण्डे, श्री उद्धव प्रसाद घिमिरे, श्री युगल बसेल, श्री नरसिंह लाल चखु, श्री निरुपमा गुप्ता, श्री डमरु वल्लभ घिमिरे, श्री ध्रुव न्यौपाने, श्री सुदिप श्रेष्ठ, श्री व्रम्ह देव शाक्य, श्री लभराज जोशी र श्री उत्तम पाठक ।

**लिखित सुझाव राख्नु हुने शेयरधनीहरुः**

श्री जगन्नाथ आचार्य, श्री भेषराज भण्डारी, श्री शत्रुधन श्रेष्ठ, श्री गोविन्द वहादुर के.सी., श्री चन्द्र प्रसाद लामिछाने, श्री चन्द्र नारायण श्रेष्ठ, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री राम श्रेष्ठ, श्री माधव प्रसाद सिंखडा र श्री उत्सव सुन्दर श्रेष्ठ ।

**लिखित सुझाव उपलब्ध गराउने शेयरधनी तथा छलफलमा भाग लिनुहुने शेयरधनीहरुले बोनस शेयर र हकप्रद शेयर लगायत सभामा प्रस्तुत प्रस्तावहरुमा समर्थन जनाउँदै निम्न बमोजिम सल्लाह, सुझाव, जिज्ञासा तथा आगामी वार्षिक साधारण सभामा सुधार गर्नूपर्ने वा गर्न सकिने विषयमा आफ्नो मन्तब्यको क्रममा राख्नु भयो ।**

- वार्षिक साधारण सभा कानून बमोजिमको सकेसम्म आर्थिक वर्ष समाप्त भएको पहिलो वा दोश्रो महिनाभित्र सम्पन्न गर्ने गरी तयारी गर्नुपर्ने ।
- वार्षिक साधारण सभाको सूचनासँग वार्षिक प्रतिवेदन समेत राख्नु पर्ने ।
- CSR को रकम Gen Z आन्दोलनका घाइतेहरुको लागि सहयोग गनुपर्ने ।
- CSR को रकम प्रभावित क्षेत्रको शिक्षामा लगानी गर्दा उपयुक्त हुने ।
- CSR को खर्चको शिर्षक सहित विस्तृत रुपमा खुलाउनु पर्ने ।
- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर कार्यान्वयन हुन नसक्नुको कारण जानकारी गराउनु पर्ने तथा जारी भएको हकप्रद शेयर कायम रहेको हो वा उक्त निर्णयको संशोधन गरी यस वर्ष हकप्रद शेयर जारी गरिएको हो स्पष्ट नभएको ।
- वार्षिक प्रतिवेदनको पुस्तिका Size सानो हुदाँ लेखा परिक्षण प्रतिवेदन र अन्य प्रतिवेदनहरुका अक्षरहरु पढन असहज भएकोले आगामी वर्षको प्रतिवेदन पुस्तिकाको Size ठूलो बनाउनु पर्ने ।
- प्रतिवेदनमा Graph तथा Pie chart बाट सूचाकंहरु राख्दा आकर्षक हुने साथै बुझ्न समेत सहज हुने ।
- संचालक समितिको सेवा सुविधामा अन्य उल्लेख भएको कुन शिर्षकमा सेवा सुविधा हो स्पष्ट हुनु पर्ने ।
- प्रतिवेदन पुस्तकमा अघिल्ला वर्षहरु Data हरुसँग तुलना गरी विवरणहरु उल्लेख गर्दा राम्रो हुने ।
- सोलुखोला (दुधकोशी) ८६ मे.वा. को Cascade आयोजना निर्माण गर्दा लागत कम पर्ने हुँदा त्यस तर्फ विचार गर्नुपर्ने ।
- प्रबन्धपत्र र नियमावली संशोधनको सम्वन्धमा स्पष्ट हुनको लागि तिन महले राख्नु पर्ने,
- बहुसंख्यक शेयरधनी अंग्रेज भाषा पढन र बुझ्न नसक्ने भएकोले लेखा परिक्षण प्रतिवेदन नेपालीमा प्रकाशित गर्नुपर्ने ।

लगायतका जिज्ञासा सल्लाह सुझाव सभा समक्ष राख्नु भयो ।

SAHAS URJA

(ड) **सभामा पेश भएका प्रतिवेदन तथा कम्पनीको समिक्षा अवधीको काम कारोवार सम्बन्धमा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा, सल्लाह, सुझाव सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले निम्न बमोजिम स्पष्ट पार्नु भयो ।**

- कम्पनीको वार्षिक साधारण सभाको मिति, समय, स्थान र छलफलको विषयहरुको सम्वन्धमा संचालक समितिको निर्णय बमोजिम साधारण सभाको सूचना प्रकाशित गरिएको तथा लेखा परिक्षण प्रतिवेदन समेत अनुगमनकारी निकायहरुमा नियम संगत पेश गरी सार्वजनिक गरिएको ।
- कम्पनीले कानून बमोजिम तोकिएको समयमा वार्षिक साधारण सभा गर्ने निर्णय गरेको शेयरधनीहरुको सुझाव बमोजिम आगामी वर्षमा संभव भएसम्म आर्थिक वर्ष समाप्त भए पश्चात यथाशिघ्र वार्षिक साधारण सभा गर्न प्रयास गर्ने ।
- CSR अन्तर्गतको खर्च प्रभावित क्षेत्रलाई प्राथमिकतमा राख्नु पर्ने कानूनी व्यवस्था रहेको हुदाँ सोही बमोजिम खर्च गरिने गरिएको, साथै CSR अन्तर्गत भएको खर्चको शिर्षक सहित अगामी वर्षको वार्षिक प्रतिवेदनमा समावेस गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।
- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले पारित गरेको १:१ हकप्रद शेयर जारी गर्ने निर्णय तोकिएको समयभित्र नियमनकारी निकायहरुमा अनुमतीको लागि निवेदन गरेको तर नियमनकारी निकायहरुबाट अनुमती प्राप्त हुन नसकेको कारण अगाडी वढाउन नसकिएको ।
- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले पारित गरेको १:१ लाई संशोधन गरी यस वर्ष जारी भएको वोनस शेयर २१ प्रतिशत वृद्धि भए पश्चात हुने चुक्ता पुँजीमा १:१ हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस साधारण सभामा प्रस्तुत गरिएको स्पष्ट गर्नु भयो ।
- लेखा परिक्षण प्रतिवेदन नेपाली भाषामा प्रतिवेदन पुस्तिकामा समावेस गर्नुपर्ने शेयरधनीको सुझाव सम्वन्धमा लेखा परिक्षण प्रतिवेदनको संभव भएसम्मको संक्षिप्त विवरण नेपाली भाषामा प्रतिवेदन पुस्तिकामा समावेस गरिएको जानकारी गराउँनु भयो । साथै समिक्षा अवधीको लेखा परिक्षण प्रतिवेदन सम्वन्धमा समेत लेखा परिक्षकसँग छलफल गरी नेपालीमा प्रकाशित गर्ने प्रयास गरिएकोमा लेखा परिक्षण प्रतिवेदनमा प्रयुक्त प्राविधिक शव्दहरुको नेपालीकरण गर्न संभव नभएको तथा नेपालीकरण गर्दा अर्थको अनर्थ लाग्ने समेत देखिएकोले सम्पूर्ण लेखा परिक्षण प्रतिवेदनको नेपालीकरण गरी प्रकाशित गर्न नसकिएको व्यहोरा जानकारी गराउँदै संभव भएसम्म नेपालीकरण गरी प्रकाशित गर्ने व्यहोरा सभा समक्ष अध्यक्षज्युले जानकारी गराउँनु भयो ।
- प्रतिवेदन पुस्तकको अक्षरहरु सानो भएको हुँदा पढन अप्ठ्यारो भएको सम्बन्धमा आगामी वर्ष वार्षिक प्रतिवेदन पुस्तकको आकार ठूलो बनाई पढन सहज हुने गरी छाप्ने जानकारी गराउँनु भयो ।
- संचालक समितिको सेवा सुविधा उल्लेख गरिएको तालिकामा अन्य शिर्षक राखिएको सम्वन्धमा उक्त शिर्षक बोनस तथा वार्षिक सुविधा भएको जानकारी गराउँदै प्रतिवेदन पुस्तकमा समावेस गर्ने क्रममा सच्चाईएको भए तापनि भुलबस प्रकाशित हुन गएको अध्यक्षज्यूले जानकारी गराउनु भयो ।
- प्रवन्धपत्र र नियमावली संशोधनको तिन महले छुटन गएको हुँदा आगामी वर्ष प्रवन्धपत्र र नियमावली संशोधन सम्वन्धी प्रस्ताव समावेस भएको अवस्थामा तिन महले समावेस गरी सभा समक्ष पेश गर्ने अध्यक्षज्यूले प्रतिवद्धता व्यक्त गर्नु भयो ।

SAHAS URJA

- सम्पन्न परियोजना सोलुखोला (दुधकोशी) जलविद्युत परियोजना ८६ मे.वा. को CASCADE निर्माणको सम्वन्धमा शेयरधनीले राख्नु भएको सुझाव सम्वन्धमा स्पष्ट गर्दै अध्यक्षज्यूले आयोजनाको पावर हाउसभन्दा केहि तलनै नेपाल विद्युत प्राधिकरणको दुधकोशी जलविद्युत आयोजना भएकोले Cascade project संभव नभएको ।
- आगामी वर्षको वार्षिक प्रतिवेदन पुस्तीकामा संभव भएसम्म विगत वर्षहरुको तुलनात्मक विवरण तथा ग्राफहरु समेत समावेस गर्ने व्यहारो जानकारी गराउँदै सभामा उठेका जिज्ञासा, सल्लाह सुझाव सम्वन्धमा अध्यक्षज्यूले स्पष्ट गर्नु भयो ।

**(ढ) सभामा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा, सल्लाह सुझाव सम्वन्धमा संचालक समितिको अध्यक्षज्यूले स्पष्ट गर्नु भएपछि सभामा प्रस्तुत प्रतिवेदनहरु, प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गरियो ।**

**सामान्य प्रस्तावहरु**

१. **आर्थिक वर्ष. २०८१/०८२ को अध्यक्षको वार्षिक प्रतिवेदन सम्वन्धमा:**

अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ वार्षिक प्रतिवेदन सहितको संचालक समितिले आर्थिक वर्ष २०८१/०८२ मा पारित गरेको निर्णयहरुको अनुमोदन, संचालक समितिको अध्यक्ष तथा संचालकहरुको सेवा, सुविधा तथा पारिश्रीमक आगामी वर्षको वजेट तथा कार्ययोजना सभा समक्ष निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सम्वन्धमा:**

कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण सहित वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायन) सभा समक्ष निर्णयार्थ पेश हुँदा आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायत) सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

३. **आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमीक तोक्ने सम्वन्धमा:**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा सभामा छलफल भयो । लेखा परिक्षक नियुक्ती सम्वन्धमा संचालक समितिको तर्फबाट हालका लेखा परिक्षकको तिन वर्ष अवधी पुरा भएको हुँदा आगामी वर्षको लागि लेखा परिक्षण गर्न नमिल्ने सम्वन्धमा जानकारी गराउँदै कम्पनीको लेखा परिक्षण समितिले योग्य लेखा परिक्षकहरुबाट कोटेशन माग गरेकोमा ३ जना लेखा परिक्षकको कोटेशन परेको तथा कोटेशन मध्ये सवैभन्दा कम रु.५,००,०००।- (कर बाहेक) कवोल गर्ने रविन दाहाल एण्ड एसोसिएट्सलाई नियुक्तीको सिफारिस गरे बमोजिम सभा समक्ष प्रस्ताव पेश गरियो । संचालक समितिको प्रस्ताव बमोजिम लेखा परिक्षक श्री रविन दाहाल एण्ड एसोसिएट्सलाई नियुक्त गर्ने तथा निजको पारिश्रमिक मू.अ.क. (VAT) बाहेक ५,००,०००।- (अक्षरुपी पाँच लाख) तोक्ने सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

SAHAS URJA

४. **प्रस्तावित वोनस शेयरको कर प्रयोजनको लागि १.१०५३ प्रतिशतका दरले हुने रु. ४,१७,८०,३४०।- नगद लाभांस वितरण सम्वन्धमा:**

कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट शेयरधनीहरुलाई २१% वोनस शेयर दिने प्रस्ताव यसै वार्षिक साधारण सभामा विशेष प्रस्तावको रुपमा प्रस्तुत भएको हुँदा उक्त वोनस शेयर जारी गर्दा कानून बमोजिम भुक्तानी गर्नुपर्ने कर प्रयोजनको लागि १.१०५३% का दरले हुने जम्मा रु.४,१७,८०,३४०।- नगद लाभांस वितरण गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**विशेष प्रस्तावहरु:**

१. **कम्पनीको चुक्ता पुंजी रु.३,७८,००,००,०००।- को २१% का दरले हुने रु.७९,३८,००,०००।- बराबरको ७९,३८,००० कित्ता बोनस शेयर वितरण सम्वन्धमा:**

कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट शेयरधनीहरुलाई २१% का दरले हुने रकम रु. ७९,३८,००,०००।- (उनानअसी करोड अट्तिस लाख रुपैया बराबरको शेयर ७९,३८,००० कित्ता बोनस शेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत हुँदा वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मत पारित गरियो ।

साथै प्रस्ताव अनुसार बोनस शेयर निष्काशन गर्ने प्रयोजनका लागि विद्युत नियमन आयोग, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग, लगायत नियमनकारी निकायहरुमा आवेदन गर्ने, निर्णयको कार्यान्वयन गर्ने नियामक निकायहरु बाट लिनु पर्ने सहमती, निर्देशन/सुझावका आधारमा परिवर्तन, संशोधन थपघट लगायत सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. **आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले जारी गर्ने निर्णय गरेको १:१ हकप्रद शेयर नियमानकारी निकायबाट अनुमती प्राप्त हुन नसकेको कारण कार्यान्वयन हुन नसकेको हुँदा उक्त पारित प्रस्तावलाई संशोधन गर्दै कम्पनीको चुक्ता पुँजी रु.३,७८,००,००,०००।- मा बोनस शेयर वृद्धि पश्चात हुन आउने चुक्ता पुँजी रु.४,५७,३८,००,०००।- को १:१ अनुपातमा रु.४,५७,३८,००,०००।- बराबरको ४,५७,००,००० कित्ता हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सम्वन्धमा:**

आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले जारी गर्ने निर्णय गरेको १:१ हकप्रद शेयर नियमानकारी निकायबाट समयमा अनुमती प्राप्त हुन नसकेकोले उक्त पारित प्रस्तावलाई संशोधन गर्दै कम्पनीको चुक्ता पुँजी रु.३,७८,००,००,०००।- मा बोनस शेयर वृद्धि पश्चात हुन आउने चुक्ता पुँजी रु.४,५७,३८,००,०००।- को १:१ अनुपातमा रु.४,५७,३८,००,०००।- बराबरको ४,५७,००,००० कित्ता हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत हुँदा सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

साथै प्रस्ताव अनुसार हकप्रद शेयर निष्काशन गर्ने प्रयोजनका लागि विद्युत नियमन आयोगबाट पूर्व स्वीकृती लिई धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण लगायत नियमनकारी निकायहरुमा आवेदन गर्ने, निर्णयको कार्यान्वयन गर्ने नियामक निकायहरुबाट हुने निर्देशन/सुझावका आधारमा परिवर्तन, संशोधन थपघट लगायत सम्पूर्ण कार्य गर्न तथा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफुले लिन पाउने हकप्रद शेयर वापतको हक अरु कसैलाई हस्तान्तरण गर्ने भएमा हक हस्तान्तरण गर्न र सो वापतको रकम

SAHAS URJA

दाखिला गरी अर्को शेयरधनीको हकप्रद शेयर लिन पाउने निर्णय गरियो । यस विषयमा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा अन्य कुनै निर्णय तथा कामहरु गर्नुपरेमा समेत संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३. **कम्पनीको प्रबन्धपत्रको दफा ६(ख)र (ग)संशोधन सम्वन्धी निम्न वमोजिमको विशेष प्रस्ताव सम्वन्धमा:**

यस साधारण सभाले बोनस शेयर, हकप्रद शेयर जारी गर्ने गरी निर्णय गरे बमोजिम कम्पनीको पुंजीगत संरचनामा समेत परिवर्तन हुने भएकोले सोही प्रयोजनको लागि कम्पनीको प्रबन्धपत्रमा निम्न बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गरियो । पुंजीगत संरचना परिवर्तन गर्ने गरी प्रबन्धपत्रको दफा ६(क) र ६(ख) मा निम्न वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ६(ख) र (ग) को सट्टा निम्न व्यवस्था रहनेछ:**

दफा ६(ख): कम्पनीको तत्काल जारी गर्ने पुंजी रु.९,१४,७६,००,०००।- (नौ अर्व चौध करोड छयहत्तर लाख रुपैया) सो पुंजीलाई प्रति शेयर रु.१००।- बराबरको ९,१४,७६,००० (नौ करोड चौध लाख छयहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६(ग): कम्पनीको चुक्ता पुंजी रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड रुपैया) मा साधारण सभाको निर्णय बमोजिम वोनश शेयर रु.७९,३८,००,०००।- (उनानअसी करोड अडतिस लाख रुपैया) जारी पछि कायम हुने रु.४,५७,३८,००,०००।- (चार अर्व सन्ताउन्न करोड अठतीस लाख रुपैया) शेयरको १:१ हकप्रद शेयर रु.४,५७,३८,००,०००।- (चार अर्व सन्ताउन्न करोड अठतीस लाख रुपैया) जारी तथा चुक्ता पछि कम्पनीको चुक्ता पुंजी रु.९,१४,७६,००,०००।- (नौ अर्व चौध करोड छयहत्तर लाख रुपैया) हुनेछ ।

४. **कम्पनीको नियमावलीको नियम २८ संशोधन सम्वन्धी निम्न वमोजिमको विशेष प्रस्ताव सम्वन्धमा:** कम्पनीको नियामवलीमा रहेको व्यवस्था कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम वनाउने प्रयोजनको लागि संचालक समितिको सदस्य पदमा नियुक्त हुन लिनु पर्ने न्यूनतम शेयर सम्वन्धी नियमावलीका नियम २८ को व्यवस्था संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गरियो । नियमावलीको नियम २८ संशोधन सम्वन्धी निम्न बमोजिमको विशेष प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**नियमावलीको नियम २८ सट्टा निम्न व्यवस्था रहनेछ:**

नियम २८: संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या: यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

SAHAS URJA

५. **कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनमा सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी विशेष प्रस्ताव सम्वन्धमाः**

कम्पनीको साधारण सभाले कम्पनीको प्रबन्धपत्र र नियमावलीमा गरेको संशोधन वोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा गरेको निर्णय उपर नियामक निकायहरु विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**विविधः** सभामा विविध शिर्षक अन्तर्गत छलफल तथा पारित गर्नु पर्ने प्रस्तावहरु नभएको जानकारी गराइयो ।

(ण) **धन्यबाद ज्ञापन सम्वन्धमाः**

कम्पनीको बाह्रौं (आर्थिक वर्ष २०८१/०८२) वार्षिक साधारण सभा मा सहभागी हुनुहुने प्रमुख अतिथी, शेयरधनी महानुभावहरु, सभामा उपस्थित पत्रवारहरु, कर्मचारीहरु साथै उपस्थित सम्पूर्णमा संचालक समितिको तर्फबाट संचालक समितिको सदस्य श्री विभूती ओझाज्यूले धन्यवाद व्यक्त गर्नु भयो ।

**सभाको समापनः**

**अध्यक्षज्यूको अनुमतीले सभा संचालकले सभा विर्सजन गर्दै शेयरधनीहरुलाई दिवा भोजको लागि आव्हान गर्नु भयो ।**

SAHAS URJA